# वीरेन्द्रनगर नगरपालिका

## भूमिगत स्रोतको पानी निकाल्न तथा उपयोग गर्न अनुमती पत्र जारी गर्ने सम्वन्धी निर्देशिका, २०७६

| नगर कार्यपालिकावाट स्वीकृत मिति: २०७६।०३।०१ |
|---|

हस्ताक्षर:

मिति : २०७६/०३/०२

नामथर: देव कुमार सुवेदी

पद: नगरकार्यपालिका प्रमुख

# वीरेन्द्रनगर नगरपालिका भूमिगत स्रोतको पानी निकाल्न तथा उपयोग गर्न अनुमती पत्र जारी गर्ने सम्वन्धी निर्देशिका, २०७६

**प्रस्तावना** : सुर्खेत उपत्यकामा बढ्दो सहरीकरण र जनसंख्या बृद्धिका कारणले माग बमोजिम पानीको आपूर्ति हुन नसकि भूमिगत जलको उपयोग बढ्दै गैरहेको तथ्यलाई दृष्टिगत गरी परम्परागत धारा, कुवा, ईनारजस्ता प्राकृतिक पानीका स्रोतहरुलाई संरक्षण गर्दै सुर्खेत उपत्यकाका सतही पानीको स्रोत तथा भूमिगत जलभण्डारको समुचित उपयोग र प्रभावकारी व्यवस्थापन गर्न वान्छनीय देखिएकाले संवेदनशील र महत्वपूर्ण स्रोतको रुपमा रहेको भूमिगत जल स्रोतको समुचित उपयोग, प्रभावकारी तथा दिगो व्यवस्थापन गर्न सो स्रोतको उपयोगकर्ताहरुलाई अनुमति पत्रका दायरामा ल्याउन आवश्यक भएकोले, जलस्रोत ऐन, २०४९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ध) (१) ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाको मिति २०७६।३।०१ को बैठकले यो निर्देशिका जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको संक्षिप्त नाम "भूमिगत स्रोतको पानी निकाल्न तथा उपयोग गर्न अनुमती पत्र जारी गर्ने सम्वन्धी निर्देशिका २०७६" रहेको छ ।

(२) यो निर्देशिका स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क) "नगरपालिका" भन्नाले वीरेन्द्रनगर नगरपालिका सम्भन्नु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले नगरपालिकाको कार्यपालिका सम्भन्नु पर्दछ ।

(ग) "अनुमती पत्र" भन्नाले नगरपालिकाले आफनो भौगोलिक क्षेत्रभित्र खानेपानी तथा सरसफाई सेवा संचालन गर्न सेवा प्रदायकलाई प्रदान गरेको अनुमतीपत्र सम्भन्नु पर्दछ । सो शव्दले यो निर्देशिका बमोजिम कार्यपालिकाले आफनो भौगोलिक क्षेत्रभित्र भूमिगत स्रोतको पानी निकाल्न तथा उपयोग गर्न जारी गरेका अनुमती पत्र समेतलाई जनाउंछ ।

(घ) "भूमिगत जल" भन्नाले वीरेन्द्रनगर क्षेत्र भित्र रहेको भूमिगत पानीलाई जनाउनेछ ।

(ङ) "प्राकृतिक पानी" भन्नाले सनातन समय देखि ढुंगेधारा, कुवा, नदी, खोला, इनार, पोखरी, ताल वा सतही प्राकृतिक स्रोतबाट निःसृत भएका वा भूमिगत स्रोतबाट निकालिएको पानी सम्भन्नु पर्दछ ।

(च) "घरायसी प्रयोजन" भन्नाले व्यक्ति तथा परिवारले खाना पकाउन, पिउन, लुगा धुन, नुहाउन आदी घरायसी प्रयोजनका लागी प्रयोग गर्न र वेचविखन गर्न नमिल्ने प्रयोजनलाई जनाउंछ ।

(छ) "व्यक्तिगत प्रयोजन" भन्नाले व्यवसायिक प्रयोजनमा भाडामा लगाउन घर, सपिङ्ग मल, सिनेमा हल, अपार्टमेन्ट, हाउजिङ्ग, अस्पताल, स्कुल, कलेज, विजनेश कम्पलेक्स, होटल आदिका परिसर भित्र व्यक्तिगत प्रयोजनका लागि मात्र भुमिगत जल उपयोग गर्न र बेच विखन गर्न नमिल्ने प्रयोजनलाई जनाउछ ।

(ज) "औद्योगिक प्रयोजन" भन्नाले उद्योग धन्दामा प्रयोग हुने, औद्योगिक परिसरमा मात्र उपभोग गरिने अर्थात उत्पादित क्षेत्र भन्दा वाहिरका क्षेत्रमा प्रयोग गर्न नमिल्ने र वेचविखन गर्न नमिल्न प्रयोजनलाई जनाउछ ।

(झ) "व्यवसायिक प्रयोजन" भन्नाले पानी जन्य उद्योगबाट उत्पादित पानी, पानी उत्पादित क्षेत्र भन्दा बाहिर प्रयोग हुने र बेचविखन गर्न सकिने प्रयोजनलाई जनाउछ ।

(ञ) सार्वजनिक प्रयोजन भन्नाले सेवा प्रयोजनका लागि समुदायले संचालन गरेको, समुदायलाई सेवा पुऱ्याउन संचालन गरिएको, बेच विखन गर्न नमिल्ने प्रयोजनलाई सम्भन्नुपर्छ ।

(ट) "पुनर्भरण" भन्नाल भूमिगत जल भण्डार (Aquifer) का भरण (Recharge) कार्यलाई जनाउने छ ।

(ठ) "उपभोक्ता" भन्नाले भूमिगत स्रोतबाट व्यक्तिगत, औद्योगिक, व्यवसायिक, सार्वजनिक वा अन्य प्रयोजनका लागि पानी निकाली उपयोग गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई जनाउने छ ।

(ड) "समिति" भन्नाले दफा ३ (तीन) बमोजिम गठित अनुमति प्रदान गर्ने प्राविधिक समिति सम्भन्नुपर्छ ।

(ढ) "ट्युव वेल" भन्नाले मेसीनको प्रयोग गरी डिप बोरिंग गरी भूमिगत स्रोतको पानी निकाल्न प्रयोग गरेको इनार सम्भन्नुपर्छ ।

३. **भूमिगत स्रोतको पानी निकाल्ने सम्वन्धी व्यवस्था** : (१) नगरपालिकाको भौगोलिक क्षेत्र भित्र अनुमति पत्र लिएर मात्र भूमिगत स्रोतको पानी निकाली प्रयोग गर्न पाइनेछ ।

(२) भूमिगत स्रोतको पानी निकाल्ने प्रयोजनका लागि निर्माण गरिएका टयूववेल समितिद्वारा स्वीकृत डिजाइन बमोजिमको हुनुपर्नेछ । समितिबाट स्वीकृत डिजाइन अनुरुप टयूववेल निर्माण भए नभएको जाँच गरेर मात्र अनुमति पत्र जारी गरिनेछ ।

(३) डिप बोरिङ अनुमति प्रदान तथा नियमन कार्य गर्न देहायको प्राविधिक समितिको ब्यवस्था हुनेछ ।

(क) प्रमुख प्रशासकिय अधिकृत – संयोजक

(ख) पुर्वाधार विकास शाखा प्रमुख – सदस्य

(ग) भुमिगत पानी सम्बन्धी क्षेत्र हेर्ने शाखा प्रमुख – सदस्य

(३) यस निर्देशिकामा जुनसुकै कुरा लेखिएका भएता पनि मेसीनको प्रयोग नगरी निर्माण हुने इनारका लागि अनुमती पत्र लिन आवश्यक पर्ने छैन ।

४. **भूमिगत पानी उपलब्धताका आधारमा क्षेत्र वर्गिकरण** : (१) भूमिगत पानीको पर्याप्तता, जल सतह, जल उपयोगको अवस्था, पुनर्भरणको संभावना, जनघनत्व आदिलाई आधार मानी भूमिगत पानीको उपलब्धता सम्बन्धी क्षेत्रका रुपमा नगरपालिकाले आफनो भौगोलिक क्षेत्रलाई सुरक्षित क्षेत्र, अर्ध संवेदनशील क्षेत्र र संवेदनशील क्षेत्रमा वर्गिकरण गर्न सक्नेछ ।

(२) भूमिगत स्रोतको पानी निकाल्न निर्माण हुने टयूववेल रहने स्थान (भौगोलिक क्षेत्र) जुन वर्गिकरणमा पर्छ सोही वर्गिकरणका निमित्त अनुसूची (१) र (२) मा उल्लेख भए बमोजिमका परिमाणसम्म मात्र पानी निकाल्न वा उपयोग गर्न सकिने गरी अनुमति पत्र जारी गरिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिकाले भौगोलिक क्षेत्रको वर्गिकरण नगर्दा सम्म अनुमति लिन यस दफा बमोजिम कुनै बाधा पर्ने छैन ।

५. **भूमिगत स्रोतको पानी उपयोगका प्रयोजन :** (१) भूमिगत स्रोतको पानी निकाली उपयोग गर्ने अनुमतिका लागि देहाय अनुसारका प्रयोजन मध्ये कुन प्रयोजनका लागि अनुमति पत्र माग गरिएको हो, सो स्पष्ट रुपमा खुलाई नगरपालिकामा आवेदन दिन पर्नेछ ।

(क) घरायसी प्रयोजन

(ख) व्यक्तिगत

(ग) औद्योगिक

(घ) व्यवसायिक

(ङ) सार्वजनिक

६. **अनुमति पत्रका लागि निवेदन तथा आवश्यक कागजात :** (१) भूमिगत स्रोतको पानी निकाल्न तथा उपयोग गर्ने प्रयोजनका लागि अनुमती माग गर्दा भूमिगत स्रोतबाट दैनिक निकालिने पानीको परिमाण समेत उल्लेख गरी निम्न कागजात संलग्न राखी नगरपालिका समक्ष निवेदन पेश गर्नुपर्नेछ ।

(क) नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,

(ख) फर्म, संस्था वा कंपनी, उद्योग, व्यवसाय भए :

(१) दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी

(२) मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र तथा स्थायी लेखा नम्बर दर्ता (PAN) प्रमाणपत्रको प्रमाणित प्रतिलिपी

(३) नगरपालिकांद्वारा तोकेको अवधि सम्मको कर चुक्ता प्रमाणपत्र वा आय विवरण पेश गरेको कागजातको प्रमाणित प्रतिलिपी

(ग) सरकारी निकाय वा सेवा प्रदायक संस्था भए संस्थाको उद्देश्य देखिने कागजात

(घ) टयूववेल निर्माण हुने स्थानको जिपीएस अवस्थिति (GPS Coordinate)

(ङ) टयूववेल निर्माण स्थलको चिन्ह लगाएका भुउपग्रह बाट खिचिएको चित्र (Google, Wikimapia etc image)

(च) टयूववेल निर्माण स्थलको जग्गाको कित्ता देखिने जग्गा नापी नक्सा

(छ) जग्गाको स्वामित्वको कागजात/लालपुर्जाका प्रतिलिपी

(ज) आफ्नो हकभोग वा स्वामित्वमा रहेको जग्गा नभए कम्तीमा दुई वर्ष जग्गा प्रयोग गर्ने गरी सम्वन्धित जग्गाधनी संग गरिएको संझौता/करारनामा

(झ) अनुसूचि (३) बमोजिमको ढांचामा सम्वन्धित वडा कार्यालयको सिफारिस

(ञ) भित्रि जमिनको अवस्थिति (Geological Structure) सहित भूमिगत जलको संभाव्यता अध्ययन प्रतिवेदन

(ठ) नगरपालिकाले आवश्यक ठानेका अन्य कागजात

७. **व्यवसायिक, औद्योगिक र सार्वजनिक प्रयोजनका लागि सार्वजनिक सुनवाई गर्नुपर्ने :** (१) व्यवसायिक, औद्योगिक र सार्वजनिक प्रयोजनको लागि अनुमती पत्र माग गर्दा जनप्रतिनिधीको रोहवरमा स्थानीय स्तरमा गरिएको सार्वजनिक सुनवाइ वा छलफलको प्रतिवेदन अनुसुची (४) बमोजिमको ढांचामा समेत पेश गर्नुपर्नेछ ।

८. **अनुमती पत्र दिने प्रकृया तथा आधार :** (१) निवेदनमा उल्लेखित विवरण, संलग्न कागजात तथा भौगोलिक क्षेत्रको वर्गिकरणका आधारमा भूमिगत स्रोतको पानी निकाल्ने प्रयोजनका लागि न्यूनतम गहिराई समेत उल्लेख गरी टयूववेल निर्माण गर्न समितिले स्वीकृती दिनेछ ।

(२) नगरपालिकाको स्विकृति पश्चात छ महिना भित्र टयूववेल निर्माण कार्य सम्पन्न गर्नु पर्नेछ । उक्त समय भित्र कारणबस निर्माण कार्य सम्पन्न हुन नसकेमा कारण खोली टयूववेल निर्माण सम्पन्न गर्न म्याद थपका लागि नगरपालिकामा निबेदन दिन पर्नेछ । म्याद थपको कारण मनासिव देखिएमा समितिले आवश्यकतानुसार म्याद थप गर्न सक्नेछ ।

(३) टयूववेल निर्माण गर्दा घरायसी प्रयोग बाहेक Safe Area (सुरक्षित क्षेत्र)मा ३० मिटर गहिराइ सम्म र अन्य क्षेत्रमा ५० मिटर गहिराई भन्दा कम गहिराईमा पानी तान्न पाइन छैन । सो गहिराइ सम्म Gravel Pack नगरी Clay Sealing गर्नुपर्नेछ साथै भूमिगत पानीको सतह (Water Level) नाप्न मिल्ने गरी संरचना तयार पार्नुपर्नेछ ।

(४) टयूववेल निर्माण सम्बन्धमा Pilot Hole निर्माण गरेपछि Well Logging ,data, Lithological Section, Well Design सहितको प्रतिवेदन समितिमा पेश गर्नु पर्नेछ ।

(५) नगरपालिकाले प्राप्त कागजात, विवरण अध्ययन तथा आवश्यकतानुसार स्थलगत निरीक्षण गरी टयूववेलको प्रभावकारीता बढाउन निवेदकले पेश गरेका Well Design परिमार्जन गर्न सक्नेछ ।

(६) नगरपालकिाबाट प्राप्त स्वीकृती तथा निर्देशन बमोजिम मात्र Tube well Construction, Tube Well Installation, sealing लगायतका कार्य गर्नुपर्नेछ ।

(७) टयुववेल ड्रिलिङ्ग, जडान तथा सो सम्वन्धी संरचना निर्माणका कार्य कानून बमोजिम दर्ता भएका सम्वन्धित व्यवसायीबाट गराउनु पर्नेछ ।

(८) टयूववेल निर्माणको विभिन्न चरणमा नगरपालिकाबाट निरीक्षण तथा अनुगमन गर्न सकिनेछ । समितिले टयूववेलको संरचना तथा निर्माण प्रक्रियाको जाच परीक्षण गर्न सक्नेछ । जाच परीक्षणका क्रममा स्वीकृति दिए बमोजिम निर्माण संरचना नभएको पाइएमा आवश्यकतानुसार निर्देशन दिन सक्नेछ र सो को पालना नभएमा नगरपालिकाले निर्माण कार्य रोक्न समेत सक्नेछ ।

(९) टयूववेल निर्माण तथा संचालनका क्रममा प्राविधिक कारणले गर्दा स्वीकृती लिएको स्थानबाट टयूववेल स्थानान्तरण गर्नुपर्ने भएमा नगरपालिकालाई जानकारी गराई आवश्यकता अनुसार ५० मिटर वरपरको दुरीमा स्थानान्तरण गर्न सकिनेछ । ५० मिटर भन्दा बढीको दुरीमा नगरपालिकाको स्वीकृति लिएर मात्र स्थानान्तरण गर्न सकिनेछ ।

(१०) भूमिगत स्रोतका पानी निकाली उपयोग गर्ने सम्वन्धी अनुमति पत्रका लागि टयूववेल निर्माण पश्चात Well Development Report, Pump Test Report, Well Design, Water Quality Report तथा Pump Operation Schedule सहितका प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(११) समितिमा प्राप्त विवरण, कागजात, प्रतिवेदन र स्थलगत अवलोकन गर्दा उपयुक्त देखिएमा दफा ४ मा उल्लेख भए बमोजिम भूमिगत स्रोतको पानी उपयोग गर्न सकिने परिमाण तोकी अनुमति पत्र जारी गरिनेछ ।

(१२) नगर भित्र विशेष तोकिएका पुरातात्विक, सार्वजनिक सम्पदाका क्षेत्रमा पुनः अध्ययन गरी प्राप्त प्रतिवेदनलाई कार्यपालिकामा छलफल गराएरमात्र अनुमति प्रदान गर्न सकिने छ ।

९. **अनुमति पत्र नलिई भूमिगत स्रोतको पानी निकाल्न नपाइने :** घरायसी प्रयोजनका लागि मेसीनको प्रयोग नगरेर निकालिने बाहेक अन्य जुनसुकै अवस्थामा अनुमतीपत्र लिएर मात्र भूमिगत स्रोतको पानी निकाल्न तथा उपयोग गर्नुपर्नेछ । अनुमती पत्र प्राप्त नगरी भूमिगत स्रोतको पानी निकाली उपभोग गरे गराएमा त्यस्ता उपभोक्ता व्यक्ति/फर्म/कम्पनी वा संस्थालाई नगरपालिकाको निर्णय बमोजिम जरिवाना गरी पानी निकाल्न प्रयोग गरेका उपकरण समेत जफत गर्न सक्नेछ ।

१० **अनुमती पत्र दस्तुर :** भूमिगत स्रोतको पानी निकाल्न तथा उपयोग गर्न अनुमति पत्रको दस्तुर अनुसूची ६ मा व्यवस्था भए बमोजिम हुनेछ ।

११. **अनुमती पत्र लिने समयसीमा तथा कारवाही** : यो निर्देशिका लागु हुनुपूर्व अनुमति पत्र नलिई यूववेल मार्फत भूमिगत स्रोतको पानी निकाली प्रयोग गर्दै आएका उपभोक्ताहरुले पनि यो निर्देशिका लागू भए पश्चात नया टयुववेल सरह अनुमति पत्र लिनु पर्नेछ । अनुमति पत्रका लागि आवश्यक कागजात (दफा ६ मा उल्लेख भएमोजिम) का अतिरिक्त आफुले प्रयोग गर्दै आएको टयूववेल संरचनाको यथार्थ अवस्था देखिने विवरण तथा दफा ८ का उपदफा (१०) मा उल्लेख भए बमोजिमका कागजात सहित प्रयोजन खुलाई नगरपालिकामा आवेदन दिनु पर्नेछ । नगरपालिकाबाट स्थलगत निरिक्षण गर्दा मापदण्ड बमोजिमको टयूववेल जडान भएको पाइएमा र पेश हुन आएका विवरण मनासिव देखिएमा दफा ८ को उपदफा (११) को व्यवस्था बमोजिम भूमिगत स्रोतको पानी निकाली उपयोग गर्न अनुमति पत्र जारी गर्न सकिनेछ । तोकिएको समय भित्र अनुमति पत्रका लागि प्रकृयामा नआएमा कार्यपालिकाको निर्णयानुसार कारवाही गर्न सकिनेछ ।

१२.**अनुमती पत्र लिन उपभोक्ताहरुले पालना गर्नुपर्ने शर्तहरु** : भूमिगत स्रोतको पानी निकाली उपयोग गर्न अनुमति पत्र प्राप्त उपभोक्ताले टयूववेल संचालन तथा पानी उपभोग सम्बन्धमा निम्न बमोजिम गर्न गराउन पर्नेछ ।

(क) जुन प्रयोजनका लागि अनुमति पत्र लिएको हो सो प्रयोजनका लागि मात्र पानी निकाल्ने ।

(ख) स्वीकृत परिमाणमा मात्र भूमिगत स्रोतका पानी निकाली उपभोग गर्न ।

(ग) समितिका पूर्व स्वीकृती लिएर मात्र टयूववेल, पम्प, आदि मर्मत सुधार गर्न ।

(घ) राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६२ अनुसार अनुसुचि (५) बमोजिमको ढांचामा पानीको गुणस्तर कायम गर्न ।

(ङ) स्थानीयस्तर, छरछिमेक एवं वातावरणीय प्रभावमा असर नपर्ने गरी भूमिगत स्रोतको पानी निकाल्न तथा उपभोग गर्न ।

(च) वर्षातको पानी (Rain Water) बाहेक समितिको स्वीकृती वेगर कुनै पनि गुणस्तरका जल पुनर्भरणमा प्रयोग नगर्न ।

(छ) नियमानुसार बुझाउनु पर्ने रकम दस्तुर समयमा नै बुझाउने ।

(ज) अनुमति पत्र नविकरण गरी अद्यावधिक राख्ने ।

(झ) तोके बमोजिमका प्रतिवेदन नगरपालिकामा पठाउन ।

(ञ) नगरपालिकाको पूर्व स्वीकृती लिएर मात्र पानी निकाल्ने संरचना बन्द गर्न ।

(ट) पानीको परिमाण नाप्न वल्क मिटर जडान गर्न ।

(ठ) अनुमति पत्र लिने क्रममा पेश भएका Pump Test Report भन्दा पानीको Draw Down बढी भएमा वोर्डलाइ जानकारी दिन ।

१३. **पुनर्भरणको व्यवस्था गर्नुपर्ने** : भूमिगत स्रोतको पानी उपयोगको अनुमति पत्र पाएका उपभोक्ताले भूमिगत पानी पुनर्भरणको व्यवस्था गर्नुपर्नेछ । पुनर्भरणका लागि आफनो क्षेत्र अपर्याप्त वा अपायक भएमा सार्वजनिक ठाउं, विद्यालय, कलेज इत्यादि खुला क्षेत्रमा भएका ठाउामा प्रस्ताव गर्न सकिनेछ । यसको निमित्त सो प्रस्ताव सहित सम्बन्धित पक्षसंग भएको संझौता पत्र वा करारनामाका कागजात संलग्न गर्न पर्नेछ । समितिले उक्त प्रस्ताव उपयुक्त ठानेमा पुनर्भरणका लागि स्वीकृति दिन सक्नेछ ।

१४. **क्षतिपुर्ति तथा हानी नोक्सानी व्यहोर्नु पर्ने** : भूमिगत पानी निकाल्ने प्रयोजनका लागि ट्युववेल वा इनार निर्माण गर्दाका बखत वा निर्माण पश्चात सो का कारणबाट नजिकका संधियार वा छरछिमेकका कुनै संरचनामा क्षति पुग्न गई सम्वन्धित वडा कार्यालयबाट प्रमाणित भएमा वा निर्माणका क्रममा सो कार्यमा संलग्न कामदारलाई कुनै क्षति पुग्न गएमा पुग्न गएको क्षतिको प्रकृतिका आधारमा प्रचलित कानुन बमोजिम ठहर भए मुताविक सम्वन्धित निर्माणकर्ता व्यक्ति/फर्म/कम्पनी वा संस्थाले सो क्षतिपुर्ति वा हानी नोक्सानी पूर्ण रुपले व्यहोर्नु पर्नेछ ।

१५. **घरायसी बाहेक अन्य प्रयोजनका लागि डिप बोरिङ संरचनाको माध्यमबाट भूमिगत स्रोतको पानी निकाल्नु पर्ने** : घरायसी बाहेक अन्य जुनसुकै प्रयोजनका लागि Shallow Tube well वा इनारका माध्यमबाट ३० मिटर गहिराइ (Shallow Water layer) सम्मका भूमिगत पानी निकाली प्रयोग गदै आएका उपभोक्ताहरुले नगरपालिकाद्वारा तोकिएको समय अवधि भित्र Shallow Water layer का पानी निकाल्ने कार्य वन्द गरी नगरपालिकाको निर्देशन बमोजिम डिप टयूववेल (डिप वोरिङ) संरचनाको माध्यमबाट Deep water layer को पानी निकाली प्रयोग गर्नु पर्नेछ ।

१६. **नगरपालिकाबाट अनुगमन निरिक्षण हुने** : अनुमति पत्र प्राप्त गरेका उपभोक्ताहरुको भूमिगत पानी निकाल्ने संयन्त्र तथा प्रकृयाका सम्बन्धमा आवश्यकतानुसार नगरपालिकाबाट अनुगमन निरीक्षण हुनेछ । निरीक्षणका क्रममा दफा १२ मा उल्लेख भएका शर्तहरुको पालना नभएको देखिएमा तुरुन्त सच्याउन समितिबाट निर्देशन हुनेछ । समितिबाट भएका निर्देशन पालना गर्नु सम्बन्धित उपभोक्ताको कर्तव्य हुनेछ । यस्तो निर्देशन पालना नगरी अटेर गरेमा त्यस्तो उपभोक्ताले उपयोग गर्ने भूमिगत पानीमा परिमाणात्मक बन्देज लगाउने, अनुमति पत्र स्थगन गर्ने, संयन्त्र बन्द गर्ने, अनुमति पत्र रद्द गर्ने लगायत नियमानुसार जरिवाना गर्न सकिनेछ ।

१७. **स्थानीय वातावरणमा परेको प्रभाव सम्वन्धमा जाचबुझ तथा कारवाही** : अनुमति पत्र प्राप्त उपभोक्ताले भूमिगत स्रोतको पानी निकाल्दा ऐतिहासिक, पुरातात्वीक पानीको स्रोतमा असर परेको, पानी निकाल्ने कार्यबाट स्थानीय वातावरणमा प्रभाव परेको वा अन्य उपभोक्ताहरुलाई प्रत्येक्ष असर परेको भनी सूचना वा जानकारी वा निवेदन नगरपालिका समक्ष प्राप्त हुन आएमा सो सम्बन्धमा प्राविधिक टोली खटाइ जाचबुझ गरिनुका साथै आवश्यकता अनुसार विज्ञ टोली समेत गठन गरी छानविन गराइनेछ । यस सम्बन्धमा विज्ञ तथा प्राविधिक टोलीबाट प्राप्त राय तथा सिफारिस सहितको प्रतिवेदन राखी राय परामर्शका लागि सम्बन्धित वडा कार्यालयमा लेखी पठाईनेछ । नगरपालिकाबाट गठित प्राविधिक टोली तथा विज्ञ टोलीको सिफारिस तथा सम्बन्धित वडा कार्यालयबाट प्राप्त राय सिफारिस समेतका आधारमा कार्यपालिकाले पानी उपयोगमा परिमाणात्मक वन्देज, अनुमति पत्र स्थगन, संयन्त्र बन्द लगायत अनुमतिपत्र रद्द गर्नेसम्मका कार्यवाही गर्न सक्नेछ ।

१८. **भूमिगत स्रोतको पानी उपयोग प्रयोजन तथा परिमाणको आधारमा उपभोग शुल्क लगाउन सकिने** : भूमिगत स्रोतको पानी उपयोग प्रयोजन तथा परिमाणको आधारमा अनुसुचि (२) बमोजिम ढाचामा उपभोग शुल्क लगाउन सकिने छ । शुल्क निर्धारणको विधि र दर प्रचलित कानुन बमोजिम हुने छ ।

१९. **अनुमतीपत्र लिन उपभोक्ताले नगरपालिका समक्ष प्रतिवेदन पेश गर्नुपर्ने** : व्यक्तिगत प्रयोजनका निमित्त भूमिगत स्रोतको पानी निकाली उपयोग गर्न अनुमति पत्र लिन उपभोक्ताले बार्षिक रुपमा र सो देखि बाहेक अरु प्रयोजनका निमित्त भूमिगत स्रोतको पानी निकाली उपयोग गर्न अनुमति पत्र लिन उपभोक्ताले चौमासिक रुपमा Pump Operation Hour, Bulk Meter Reading को प्रतिवेदन नगरपालिकामा पेश गर्नुपर्नेछ ।

२०. **अनुमती पत्र नविकरण सम्वन्धी व्यवस्था** : (१) भूमिगत स्रोतको पानी निकाल्ने तथा उपयोग गर्ने अनुमति पत्रको अवधि एक आर्थिक बर्षको हुनेछ । प्रत्येक आर्थिक वर्षको श्रावण महिना भित्र अनुमति पत्र नविकरणको लागि अनुमति पत्र नविकरण दस्तुर बुझाई नगरपालिकामा निवेदन दिनुपर्नेछ ।

(२) भूमिगत स्रोतको पानी निकाल्न तथा उपयोग गर्न अनुमति पत्रको नविकरण दस्तुर अनुसूची ६ मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) समितिले भूमिगत स्रोतको पानी निकाल्न तथा उपयोग गर्न अनुमति पत्र नविकरण गर्दा भूमिगत पानीको पर्याप्तता जल सतह, जल उपयोगको अवस्था, जनघनत्व, वातावरणीय प्रभाव आदिलाइ दृष्टिगत गरी प्राविधिक प्रतिवेदनका आधारमा भूमिगत स्रोतको पानी निकाल्न सकिने परिमाणमा थपघट गर्न सक्नेछ ।

(४) भूमिगत स्रोतको पानी निकाल्न तथा उपयोग गर्न अनुमति पत्रको नविकरणका लागि निम्न बमोजिम कागजात संलग्न राखी निवेदन दिनुपर्नेछ ।

(क) भूमिगत जल गुणस्तर तथ्याक

(ख) पम्प संचालन रेकर्ड

(ग) कर चुक्ता प्रमाणपत्र वा आय विवरण पेश गरेका कागजात

(घ) समितिले तोके बमोजिमका नविकरण दस्तुर दाखिला गरेका बैंक भौचर

(ङ) भूमिगत जल पुनर्भरण तथ्यांक

च) आफनो हकभोग वा स्वामित्वमा रहका जग्गा नभए जग्गा प्रयोग गर्न सम्वन्धित जग्गा धनीसंग गरिएको सम्झौता वा करारनामा ।

(५) यो निर्देशिका लागू हुनु पूर्व समितिबाट भूमिगत स्रोतको पानी निकाली उपयोग गर्ने अनुमति पत्र प्राप्त गरेका उपभोक्ताले समेत यही निर्देशिका अनुसारको प्रकृया पुरा गरी नविकरण गर्नु पर्नेछ ।

(६) यस निर्देशिका लागु हुनु पूर्व अनुमति पत्र प्राप्त गरी विगत वर्षहरुको नविकरण नगरेका उपभोक्ताहरुले तत्कालिन वर्षमा तोकिए बमोजिम नविकरण दस्तुर बुझाई निर्देशिकामा तोकिएका प्रकृया पुऱ्याई नविकरण गर्नुपर्ने छ ।

२१. **भूमिगत पानी उपलव्धता क्षेत्र वर्गिकरणमा हेरफेर गर्न सकिने** : नगरपालिका भित्रका भौगोलिक वर्गिकरणलाई भूमिगत पानीको पर्याप्तता, जलसतह, जल उपयोगका अवस्था, जनघनत्व आदि एकीकृत डाटावेसलाई अद्यावधिक गरी भूमिगत जलको अवस्थालाई ध्यानमा राखी भूमिगत पानीको पर्याप्तता सम्बन्धी क्षेत्र वर्गीकरणमा हेरफेर गर्न सकिने छ ।

२२. **सम्पत्ति बेचविखन तथा हकभोग परिवर्तनको अवस्थामा प्रचलित कानुन बमोजिम हस्तान्तरण हुने** : व्यक्ति/ कम्पनी/संस्था/फर्मल लिएको टयूववेल निर्माणको स्वीकृती तथा भूमिगत जल उपयोगको अनुमति साधारणतया अरुमा हस्तान्तरण गर्न सकिने छैन । तर सम्पत्ती बेचबिखन तथा हकभोक परिवर्तन गर्दाका अवस्थामा अन्य प्रचलित कानून बमोजिम हुनेछ । कानून बमोजिम हस्तान्तरण हुदा हस्तान्तरणको दस्तुर लाग्नेछ ।

२३. **नगरपालिकासंग समन्वय गर्नुपर्ने** : (१) कुनै पनि कारणले टयूववेल बन्द गर्नु पर्दा जल भण्डार (एक्विफर) तथा वरिपरिको वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभाव तथा त्यसका न्यूनिकरणका उपायहरुका सम्बन्धमा समितिसग समन्वय तथा छलफल गरी कार्यान्वयन गर्नुपर्नेछ ।

(२) कारणवश टयूववेल बन्द गराउनु पर्ने अवस्था आएमा आवश्यक व्यवस्था मिलाएर भूमिगत जल भण्डार तथा त्यसका अवस्थाका बारे अध्ययन अनुसन्धानका लागि नगरपालिकाले त्यस्ता टयुववेल उपयोग गर्न सक्नेछ ।

२४. **भूमिगत जल भण्डार सम्वन्धी तथ्यांक तयार गर्ने** : नगरपालिकाले प्रत्येक आर्थिक बर्षमा अनुमति दिइएका टयूववेल संख्या, भूमिगत जल उपयोग स्थान, भूमिगत जल गुणस्तर, भूमिगत जल सतह, भूमिगत जल उपयोग आदिको डाटा एकीकृत Data Base मा राखी प्रशोधन गरी भूमिगत जल भण्डार सम्बन्धी तथ्यांक विवरण बार्षिक प्रतिवेदनमा उल्लेख गर्न सक्नेछ ।

२५.**अनुमती पत्र नदिन तथा भूमिगत स्रोतको पानीका उपयोगमा परिमाणात्मक बन्देज लगाउन सकिने** : नगरपालिकाले भूमिगत जल भण्डारको उपलब्धता ज्यादै न्युन भएका संम्वेदनशिल भौगोलिक क्षेत्रमा सम्वन्धित विज्ञ टोली समेतको राय लिइ व्यवसायिक, औद्योगिक तथा सार्वजनिक प्रयोजनका लागि भूमिगत स्रोतको पानी निकाल्न अनुमती नदीन तथा भूमिगत स्रोतको पानीको उपयोगमा परिमाणात्मक बन्देज लगाउन सक्नेछ ।

२६. **परिमार्जन तथा संशोधन** : कार्यपालिकाले यस निर्देशिकालाई आवश्यकता अनुसार संशोधन वा परिमार्जन गर्न सक्नेछ ।

२७. **खारेज तथा अमान्य** : निर्देशिकामा भएका व्यवस्था प्रचलित कानुनको व्यवस्थासग बाझिएमा बाझिएका हदसम्म अमान्य तथा खारेज हुनेछ ।

# अनुसूची १

## (दफा ४(२) संग सम्बन्धित)

१. नगरपालिका भित्र भूमिगत  श्रोतका पानीको पर्याप्तता, जल उपयोगका अवस्था, पुनर्भरणका  सम्भावना, जनघनत्व आदिलाई आधार मानी भूमिगत पानीको उपलब्धता क्षेत्रका रुपमा गरिएको भौगोलिक वर्गिकरण :

क) सुरक्षित क्षेत्र (Safe Area)

ख) अर्ध संवेदनशिल क्षेत्र (Semi Critical Area)

ग) संवेदनशिल क्षेत्र (Critical Area)

# अनुसूची २

## (दफा ४(२) संग सम्बन्धीत)

**क्षेत्रगत पानी निकाल्न सकिन अधिकतम परिमाण :**

| सि.नं | क्षेत्र | एउटा टयुववेललाइ दिइने अनुमति (लि.प्रति सेकेण्ड) | कैफियत |
|---|---|---|---|
| १ | सुरक्षित क्षेत्र | २ देखि १५ सम्म | |
| २ | अर्ध संवेदनशिल क्षेत्र | २ देखि ७ सम्म | |
| ३ | संवेदनशिल क्षेत्र | २ देखि ३ सम्म | |

## अनुसूची ३

**(दफा ६(१)(भ) संग सम्बन्धीत)**

**वडाको सिफारिसको नमुना :**

मिति :

श्री वीरेन्द्रनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
सुर्खेत ।

**विषय : सिफारिस सम्वन्धमा ।**

उपरोक्त सम्वन्धमा ............................... (व्यक्ति/फर्म/संस्था/प्रा.लि ले मिति ................यस वडा कार्यालय समक्ष निवेदन पेश गरी यस ............................ कार्यालय अन्तर्गत .............................. स्थानमा ............................... प्रयोजनका लागि अन्दाजी .............. मिटर गहिराइ .......... डायमिटरको इनार/ट्युववेल निर्माण गरी पानी उपयोग गर्न पााउ भनी सिफारिस माग गर्नु भएका हुादा तहााको नियमानुसार निजलाई ईनार/ट्युववेल निर्माण गर्ने अनुमतिका लागि सिफारिस साथ आवश्यक कार्यवाहीका लागि पठाइएको व्यहोरा अनुरोध छ ।

सिफारिस गर्न पदाधिकारीको
नाम :
पद :
सही :
मिति :

## अनुसूची ४
## (दफा ७ संग सम्बन्धीत)

**सार्वजनिक सुनुवाइ गरेको जानकारी पठाउने पत्रको नमुना :**

मिति :

श्री वीरेन्द्रनगर नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय, सुर्खेत ।

**विषय : सार्वजनिक सुनुवाईको प्रतिवेदन सम्वन्धमा ।**

उपरोक्त सम्वन्धमा ................................ व्यक्ति/फर्म/संस्था/कम्पनी/प्रा.लि. ले ....................... वडा कार्यालय अन्तर्गत............................... स्थानमा व्यवसायिक/औद्योगिक/सार्वजनिक प्रयोजनका लागि ................ गहिराइ ............ को इनार/टयुववेल निर्माण गर्ने अनुमति पत्रका सन्दर्भमा ..................बाट खटिनुभएका जनप्रतिनिधि श्री ..................................... को रोहवरमा स्थानीय स्तरमा मिति .................... मा भएको सार्वजनिक सुनुवाइ तथा छलफलको निर्णयका प्रमाणित छायाकपी यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

सिफारिस गर्ने पदाधिकारीको
नाम :
पद :
सही :
मिति :

## अनुसूची ५

### (दफा १२(घ) संग सम्बन्धीत)

### राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०६२

| वर्ग इकाइ (Unit) | पारामिति (Parameter) | एकाई | अधिकतम सघननसीमा (Maximum Concerntration Limits) | कैफियत |
|---|---|---|---|---|
| भौतिक | धमिलापन (Turbidity) | NTU | ५ (१०) | |
| | हाइड्रोजन विभव (pH) | | ६.५ - ८.५ ८ | |
| | रंग (Color) | TCU | ५ (१५) | |
| | स्वाद तथा गन्ध (Taste & Odor) | मि.गा/लिटर | आपत्तिजनक हुन नहुने | |
| | कुल घुलित ठोस पदाथ (Total Dissolved Solids) | १००० | १५०० | |
| | विद्युतिय संवाहकता (Electrical Conductivity) | माइक्रोसिमेन्स/ सन्टिमिटर | | |
| | फलाम (Iron) | मि.गा/लिटर | | |
| रासायनिक | ०.३(३) मगानीज (Manganese) | मि.गा/लिटर | | |
| | ०.२ आसनिक (Arsenic) | मि.गा/लिटर | | |
| | ०.०५ क्याडमियम (Cadmium) | मि.गा/लिटर | | |
| | ०.००३ कामियम (Chromium) | मि.गा/लिटर | | |
| | ०.०५ सायनाइड (Cyanide) | | | |
| | ०.०७ फलाराइड (Fluoride) | | | |
| | ०.५-१.५८ शीशा (Lead) | | | |
| | ०.०१ अमानिया (Ammonia) | | | |
| | १.५ क्लाराइड (Chloride) | | | |
| | २५० नाइटट (Nitrate) | | | |
| | सल्फट (Sulphate) | | | |
| | ५० तामा (Copper) | | | |
| | कल कडापन (Total Hardness) | | | |
| | ५०० क्याल्सीयम (Calcium) | | | |
| | २०० जस्ता (Zinc) | | | |
| | पारा (Mercury) | | ०.००१ | |
| | आलमिनियम (Aluminium) | | ०.२ | |
| | ०.२ क्लोरिन अवशेष (Residual Chlorine) | | ०.१-०.२ ८ | |
| सुक्ष्म जविक | इ.काली (E.Coli) | MPN/100ml | ००.९५% | |
| | कल कालिफम (Total Coliform) | MPN/100ml | | |

क्लोरिन प्रयोग हुन प्रणालीहरुका लागि मात्र यि मानहरुले न्युनतम र अधिकतम सिमा जनाउदछन् । अन्य कुनै विकल्प नभएका अवस्थामा मात्र मान्य हुने मानलाई कोष्ठ भित्र राखिएको छ ।

## अनुसूची ६

### (दफा १० र २०(२) संग सम्बन्धीत)

भूमिगत स्रोतको पानी निकाल्ने तथा उपयोग गर्न अनुमति पत्रका दस्तुर तथा अनुमति पत्र नविकरण दस्तुर देहाय बमोजिम हुनेछ :

| सि.नं. | विवरण | दस्तुर लाग्ने क्षेत्र | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | अनुमति पत्र दस्तुर | औद्योगिक प्रयोजन<br>व्यवसायीक प्रयोजन<br>सार्वजनिक प्रयोजन<br>घरायसी प्रयोजन<br>व्यक्तिगत प्रयोजन | २०,०००।-<br>२५,०००।-<br>५,०००।-<br>५,०००।-<br>५,०००।- | |
| २ | अनुमति पत्र नविकरण दस्तुर | अनुमति दस्तुरको ५०% | | |
| | अतिरिक्त दस्तुर<br>क) अनुमतिपत्र नविकरण म्याद नाघेका दिन देखि ३ महिना सम्म<br>ख) सि.नं. ३ (क) मा उल्लेख भएका मिति भन्दा पछि अनुमतिपत्र नविकरण गर्दा | थप १०%<br><br>थप ५०% | | |
| ३ | अनुमतिपत्र नामसारी दस्तुर | | १,०००।- | |